# “Mega International Trade Fair Kolkata, India – 2017 मा नेपालको सहभागिता

“Mega International Trade Fair Kolkata, India – 2017 मा नेपालको तर्फवाट २×३ वर्ग मिटरको १६ वटा स्टलमा नीजि क्षेत्रका सोह्रवटा फर्महरुलाई सतप्रतिशत स्टलभाडा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले व्यहोर्ने गरि सहभागिता गराईएको थियो ।

चार लाख स्क्वायर फिट एरिया ओगटेको साईन्स सिटी ग्राउण्डमा १५-२५ डिसेम्बर सम्म जम्मा ११ दिन सञ्चालन भएको 16th India International Mega Trade Fair-2017 मेला Bengal Chamber of commerce and Industry र G. S. Marketing Enterprise को सयुक्त आयोजनामा संचालन गरिएको हो ।

मेलाको उद्घाटन कार्यक्रम डिसेम्बर १५, २०१७ सांझ ४:०० बजे प्रमूख अतिथि भारत सरकार पश्चिम वंगालका माननीय अर्थ, उद्योग तथा वाणिज्य मन्त्री श्री अमित मित्रले गर्नु भयो । मन्त्री मित्रले यस व्यापार मेला सहभागी सबै व्यापारीहरूको लागि उपलब्धिमुलक हुनेछ भनी विश्वास लिएको छु भनी शुभकामना दिनु भयो । सो उद्घाटन कार्यक्रमा उल्लेख्य रुपमा व्यापारीहरुको सहभागिता रहेको थियो भने सरकारी तथा स्थानीय संचार माध्यमहरुले विशेष प्राथमिकताका साथ सो सम्वन्धि समाचार संप्रेषण गरेका थिए ।

मेलामा नेपालको सहभागिता गर्नँ मूख्य उद्धेश्य नेपाली उत्पादनका वस्तुहरुको भारतीय बजारमा नेपाली वस्तुको प्रचार प्रसार तथा बिक्री वितरण गरी अर्डर प्राप्त गर्ने साथै बजार प्रबर्द्धन गर्ने रहेको थियो ।

नेपाल लगायत भारत, चीन, बंगलादेश, ईजिप्ट साउथअफ्रिका, भियतनाम, पाकिस्तान, थाईल्याण्ड हङकङ, नेदरल्याण्ड, श्रीलंका, टकी, दुबई, ईटली र अफगानिस्तानले सहभागिता गरेको उक्त मेलामा भारत सरकारको तर्फवाट २१ वटा राज्यहरु हरियाना, तेलञ्गाना, राजस्थान, अरुणञ्चल, कर्नाटका, पाण्डिचेरी, तमिलनाडु, केरला, आन्ध्र प्रदेश, दिल्ली, महाराष्ट्र, उत्तराखण्ड, वेष्ट बंगाल, बिहार, उत्तर प्रदेश, छत्तिसगढ, झारखण्ड, मध्य प्रदेश, उडिसा लगायत अन्य प्रदेश सरकारको तर्फबाट पनि सहभागीता रहेको थियो ।

व्यापार तथा निकारी प्रवर्द्धन केन्द्रको संयोजकत्वमा निम्नुनासारका सोह्र उद्योगी व्यवसायीहरूको सहभागिता रहेको थियो ।

१. माही ईन्टरप्राइजेज
२. हाउस अफ काफ्ट
३. साई ईन्टरियर्स
४. हिमालयन एभरग्रिन काफ्ट
५. मिलन गार्मेन्ट
६. कोहिनुर ह्याण्डीकाफ्ट
७. सार्क चेम्बर काफ्ट

८. नेपाली मन उद्योग
९. न्यू गौरव ट्रेडर्स
१०. नेपाल एपरल एण्ड नेचुरल फाइवर
११. सौगात गृह माइक्रो प्रमोशन
१२. कालचक्र ह्याण्डीक्राफ्ट
१३. विजनेस ह्याण्डीक्राफ्ट एण्ड सोभिनियर हाउस
१४. सविता कपडा उद्योग
१५. मेरिट काष्टकला उद्योग
१६ दि हिमालयन कोल्डिङ एण्ड ह्याण्डीक्राफ्ट

ईलेक्ट्रोनिक्स, ईलेक्ट्रिक, फर्निचर, इन्टेरियर डेकोरशन आईटम, टेक्सटाईल, ह्याण्डलुम, मोडुलर किचेन, डेकोरेटिभ आईटम, कन्सट्रक्सनका शामान, मेशनरी, हेल्थ फिटनेशका मेशीनहरु, आईटी, एजुकेशन, स्टेशनरी, सञ्चारका सेट, गिफ्ट आईटम, खेलौना लगायत विविध प्रकारका वस्तुहरु गरी दुईलाख थरिका वस्तुहरुको प्रदर्शनीमा राखिएको थियो । नेपाली कम्पनीहरुवाट नेपालमा उत्पादित वस्तुहरू पशिमना, हस्तकलाका सामान, काष्ठ कला, चाँदीका सामान, खुकुरी, ज्वलेरी, स्वीटर, कपासबाट बनेका गार्मेन्ट, ढाकाको कपडा, टिम्बुरको अचार लप्सीको क्याण्डी आदि प्रदशनीमा राखिएको थियो ।

**B2B Meeting कार्यक्रम**

मेलामा नेपाली र भारतियका साथै अन्य सहभागी राष्ट्रहरुका ब्यापारीहरु बीच आपसी सम्वन्ध विस्तारका साथै ब्यापारिक कारोवार होस् भन्ने हेतुले मेला अवधि भित्र मिति २०७४।०९।०७ मा ब्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको आयोजनामा एक B2B Meeting कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रममा कलकत्ता स्थित नेपाली वाणिज्यदुतावासका Deputy Consule General श्री रामेश्वर पोखरेल प्रमुख अतिथिको रुपमा रहनु भएको उक्त कार्यक्रममा Bangal Chamber of Commerce का अध्यक्ष श्री प्रकाश शाह, का साथै उक्त चेम्वरका पदाधिकारीहरुको समेत उपस्थिती रहेको थियो । केन्द्रका नायव कार्यकारी निर्देशक श्री तेज सिंह विष्को स्वागत मन्तब्यवाट शुरु भएको उक्त कार्यक्रममा Bangal Chamber of Commerce का अध्यक्ष श्री प्रकाश शाहवाट शुभकामना मन्तब्य ब्यक्त गर्नु भएको थियो । कार्यपत्र प्रस्तुत गर्नु हुनेमा कलकत्ता स्थित नेपाली वाणिज्यदुतावासका Deputy Consule General श्री रामेश्वर पोखरेल र महिला उद्यमी महासंघ, नेपालका सदस्य श्री सरोजिनी शेरचन हुनु हुन्थ्यो ।

उक्त कार्यक्रममा नेपाली उद्यमी ब्यवसायीहरुका साथै विभिन्न देशहरुवाट मेलामा सहभागी ब्यवसायीहरुको ब्यापक रुपमा सहभागिता भएको थियो । आपसी ब्यापारिक छलफलका हुनुका साथै उक्त अवसरमा विभिन्न देशका फर्म कम्पनीहरुले नेपाली वस्तुहरु रुचाएर त्यसको वारेमा उत्सुकता

जाहेर गर्नुका साथै नेपाली हस्तकलाका वस्तुहरु अर्डर गर्न उत्सुक भएको समेत जानकारी प्राप्त भएको थियो । त्यसको विवरण निम्नानुसार रहेको छ ।

- Grow Global, Exporter, Importer of Agro Commodities & Spices, Kolkata का Chief Executive Officer, Himadri Mandal वाट ८० मे.ट. Dry Ginger को अर्डर प्राप्त भएको ।
- Trade Exim International , Manufacture, Exporter & Marketing Agent, Bangladesh का Chief Executive Officer Mr. Sayed Wafiul Kabir Kofi ले पनि नेपालमा लगानी गर्न ईच्छा जाहेर गरेको थियो ।
- Scantex Pvt. Ltd. , Srilanka  वाट नेपालमा लगानी गर्न ईच्छुक भएको जानकारी प्राप्त भएको  थियो ।






